# कृषि विकास बैंक लि.

## अधिकृत तह ११ उप-महाप्रबन्धकको पदमा बढुवा सिफारिस समिति

## कार्यक्षमताको मूल्यांकनद्वारा हुने बढुवाका लागि दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशन मिति २०८०/१०/१२)**

यस बैंकको आ.व.२०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत स्थायी कर्मचारी दरवन्दी अनुसार संचालक समितिको निर्णयानुसार गठित कृषि विकास बैंक लिमिटेड अधिकृत तह ११ उप-महाप्रबन्धकको पदमा बढुवा सिफारिस समितिको मिति २०८०/१०/११ को निर्णयानुसार २०८० आषाढ मसान्तसम्ममा कृषि विकास बैंक लि.कर्मचारी सेवा विनियमावली, २०६२ को परिच्छेद २ को विनियम १४ र १६ बमोजिम तोकिएको योग्यता पुगेका तह १० का विभागीय प्रमुख मध्येबाट बैंकमा रिक्त रहेको तपसिल बमोजिमको अधिकृत तह ११ उप-महाप्रबन्धक पद संख्या १ (एक) का लागि कार्यक्षमताको मूल्यांकनद्वारा पदपूर्ति गर्न मिति २०८० आषाढ मसान्तसम्म सम्भाब्य भएका उम्मेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र परीक्षा दस्तुर वापत रु.१०००। (अक्षेरेपी एक हजार मात्र) कृषि बिकास बैंक लि.वित्त तथा योजना विभागको नाममा कर्पोरेट बैंकिङ रामशाहपथमा रहेको खाता नं ०१००२०११०१०००००२० मा आवेदकको नाम, बहाल रहेको पद र कर्मचारी कोड नं उल्लेख गरी रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी बढुवा प्रकियामा सहभागी हुन रितपूर्वक दरखास्त पेश गर्न आब्हान गरिएको छ । उल्लेखित बढुवा प्रकृयामा सहभागी हुन सम्बन्धित उम्मेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र आवेदन दिनु पर्नेछ । आवेदकले कृषि बिकास बैंक कर्मचारी सेवा विनियमावली, २०६२ को अनुसूची ५ क. बमोजिमको दरखास्त फाराम भरी कृषि बिकास बैंक लि. अधिकृत तह ११ को पदमा बढुवा सिफारिस समितिमा पेश गर्नु पर्नेछ । तोकिएको अवधि भित्र आवेदन पेश नगरेका वा रितपूर्वक दरखास्त फाराम नभरेका सम्भावित उम्मेदवारहरु बढुवा प्रकृयामा सहभागी हुन नपाउने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

| क.सं. | विज्ञापन नं | पद नाम | स्तर | तह | सेवा | पदसंख्या |
|---|---|---|---|---|---|---|
| १ | १/२०८०-८१ | उप-महाप्रबन्धक | अधिकृतस्तर | ११ (एघार) | प्रशासन | १ |

२०८०/१०/११

सचिव
कृषि विकास बैंक लि. अधिकृत तह ११
उप-महाप्रबन्धकको पदमा बढुवा सिफारिस समिति
मुख्य कार्यालय, काठमाण्डौ